नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ | अंक १७० | २०८२ साल माघ २२ गते बिहीबार (5 Feb 2026 Thursday) | मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

यस अंक भित्र : २ पृष्ठमा : चुनावमा मिथ्या सूचनाको ... ३ पृष्ठमा : प्रतिनिधिसभा सदस्य निर्वाचनका ... ३ पृष्ठमा : बङ्गलादेशमा हिन्दू ...

## सप्तरीमा सेनासहित ७ हजार भन्दा बढी सुरक्षाकर्मी परिचालन



**दैनिक समाचारदाता**
**राजविराज, २१ माघ।**

आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बुधबारदेखी देशभर सेना परिचालन गरिएको छ। जसअन्तरगत सप्तरीको चार वटै क्षेत्रमा राजविराजस्थित सेनाको बरख गणबाट सेना परिचालन गरिएको हो।

बरख गणका गणपति सोबित बहादुर चन्दले जिल्लाको चार वटै क्षेत्रमा गरि ६ सय ५० सेना परिचालन गरिएको जानकारी दिएका छन्।

आसन्न निर्वाचनलाई भयरहित, शान्तिपूर्ण तथा निष्पक्ष वातावरणमा सम्पन्न गराउने उद्देश्यले सेना परिचालन गरिएको उनले जानकारी समेत दिए।

"जिल्लाको विभिन्न क्षेत्रमा सेनाले फ्ल्याग मार्च गर्ने छ", उनले भने, "चार वटै क्षेत्रको मुख्य मुख्य स्थानमा २४ औं घण्टा सेनाले फ्ल्याग मार्च गरि निगरानी गर्नेछ।"

जिल्लाको चार वटै क्षेत्रमा गरि कुल २ सय ९६ मतदान स्थल मध्ये २ सय ९ मतदान स्थल अतिसंवेदनशिल र ८३ स्थल संवेदनशिल रहेको छ। गणपति चन्दले भने "जिल्लाको ४ वटा मतदान स्थल मात्र सामान्य सूची रहेका छन्।

गणपति चन्दले भने, "निर्वाचन अवधीभर शान्ति, सुरक्षा र सुव्यवस्था कायम राख्न, सम्भावित जोखिम न्यूनिकरण गर्न तथा जिल्लाका नागरिकलाई सुरक्षित रुपमा आफ्नो मताधिकार प्रयोग गर्न सहयोग पुऱ्याउने मुख्य जिम्मेवारीका साथ नेपाली सेनाको बरख गणले विभिन्न निकायहरुसँग समन्वयमा जिल्लाको विभिन्न स्थानमा सक्रियका साथ सेना परिचालन गरेको छ।"

निर्वाचन सुरक्षाका लागी सेनाले ३ चरणमा काम गर्ने छ। जसमा मतपत्र छपाई पछि चुनावी मतदान स्थल र मतगणना स्थल सम्मको सुरक्षा समावेश रहेको उनले बताए।

निर्वाचन सुरक्षाका लागी यहाँस्थित जिल्ला प्रहरी कार्यालयबाट १ हजार ७ सय १३ तथा सशस्त्र प्रहरी बल नेपाल हेडक्वाटर सप्तरीबाट ८ सय ६९ सुरक्षाकर्मी परिचालन गरिएको हो।

यस्तै निर्वाचन सुरक्षाका लागी भर्ना गरिएका ४ हजार २ सय २२ निर्वाचन प्रहरी पनि जिल्लाका ४ वटै निर्वाचन क्षेत्रमा परिचालन गरिएको छ। प्रतिनीधसभा सदस्य पदका लागी ४ निर्वाचन क्षेत्र रहेको जिल्लामा कुल ४ लाख ४६ हजार ४ सय २ मतदाता छन। जसका लागी जिल्ला भर २ सय ९६ मतदान स्थल तथा ५ सय ६२ मतदान केन्द्र निर्धारण गरिएको छ।

निर्वाचन प्रयोजनका लागी ३ हजार ३ सय ७२ कर्मचारी परिचालन हुने जिल्ला निर्वाचन अधिकारी रमेश कुमार जोशीले जानकारी दिए।

## कारागारमा प्रतिबन्धित लागुऔषध र मोबाइल फेला

**दैनिक समाचारदाता**
**राजविराज, २१ माघ।**

सप्तरी कारागार कार्यालय राजविराजमा चेकजाँचका क्रममा प्रतिबन्धित लागुऔषध र मोबाइल फेला परेको छ।

राजविराज नगरपालिका ६ स्थित मा रहेको कारागार कार्यालयको 'ए' ब्लकमा रहेका कैदीहरुको मंगलबार चेकजाँच गर्ने क्रममा लागुऔषध गाँजा र मोबाइल बरामद भएको हो।

कारागार कार्यालय सप्तरीका शाखा अधिकृत रुपक मण्डल र प्रहरी नायब निरीक्षक भाग्य नारायण साहको कमाण्डमा तथा 'ए' ब्लकका चौकीदार मो. जोहर अन्सारीको उपस्थितिमा चेकजाँच गरिएको थियो।

सोही क्रममा कैदी सुमित मण्डल र सुरज राउतको साथबाट लागुऔषध र मोबाइल फेला परेपछि नियन्त्रणमा लिइएको कारागार प्रशासनले जनाएको छ।

प्राप्त विवरणअनुसार, सप्तरी जिल्ला अदालतबाट कर्तव्य ज्यान मुद्दामा मिति २०८० माघ १३ गतेदेखि दुई वर्ष कैद सजाय भोगिरहेका महादेवा गाउँपालिका २ निवासी ३० वर्षीय सुमित मण्डलको साथबाट प्लास्टिकमा लुकाइछिपाइ राखिएको गाँजा एक खिल्ली तथा एक थान चिलिम बरामद गरिएको छ।

त्यसैगरी, हातहतियार खरखजना मुद्दामा मिति २०८० पुष ०४ गतेदेखि चार वर्ष कैद सजाय भोगिरहेका राजविराज नगरपालिका ६ निवासी २९ वर्षीय सुरज राउतको साथबाट किप्याड लाभा कम्पनीको सिमसहितको एक थान मोबाइल फोन बरामद गरिएको हो।

घटनाबारे थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीबाट प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए।

## समानुपातिकतर्फको बन्दसूचीमा पुरुषको तुलनामा महिला बढी

काठमाडौँ, २१ माघ (रासस)।

प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलहरुले पेस गरेको बन्दसूचीमा पुरुषको तुलनामा महिलाको सङ्ख्या बढी रहेको पाइएको छ।

निर्वाचन आयोगले सार्वजनिक गरेको विवरणअनुसार समानुपातिक निर्वाचन प्रणालीतर्फको अन्तिम बन्दसूचीको नामावली अनुसार एक हजार सात सय ७२ जना महिला छन्। यस्तै, पुरुष एक हजार तीन सय ६३ जना छन्। समानुपातिकतर्फ ६३ राजनीतिक दल सहभागी छन्। आयोगले कूल ५७ वटा निर्वाचन चिन्ह कायम गरेको छ।

आयोगमा अनुसार, अन्तिम सूचीअनुसार कूल तीन हजार एक सय ३५ उम्मेदवार कायम भएका छन्। आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २९ र प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम १६ को उपनियम २ बमोजिम अन्तिम नामावली प्रकाशन गरेको हो।

आयोगले विभिन्न कारणले गर्दा ७६ जना उम्मेदवारको नामावली भने बन्दसूचीबाट हटाएको थियो। त्यसमा कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेका २१ जना र प्रदेशसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा नाम कायम रहेका कूल २५ जनाको

बाँकी तीन पृष्ठमा

## निर्वाचनमा हुने प्रविधिको दुरुपयोग रोक्न आयोग र टिकटक प्रतिनिधिबीच समझदारी

काठमाडौँ, २१ माघ (रासस)।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रविधिका माध्यमबाट हुनेसक्ने दुरुपयोग रोक्न योजनाबद्ध काम भइरहेको बताउनुभएको छ।

निर्वाचन आयोगले सामाजिक सञ्जाल टिकटकसँग बुधबार गरेको समझदारीपत्र आदानप्रदान समारोहलाई सम्बोधन गर्दै उहाँले निर्वाचनका पक्षमा सङ्लिएको वातावरण धमिलिन नदिन ऐतिहासिक सम्झौता भएको बताउनुभयो।

टिकटकसँग सम्झौता गरेपछि यसका माध्यमबाट आचारसंहिता उल्लङ्घन, मिथ्या सूचना रोक्न सहयोग पुग्ने विश्वास गरिएको कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताउनुभयो। टिकटकले निःशुल्क रूपमा निर्वाचनमा हुने दुरुपयोग रोक्न सहयोग गर्न लागेकामा उहाँले धन्यवाद दिनुभयो।

कार्यक्रममा आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराई र टिकटकका तर्फबाट सामाजिक नीति र सरकारी सम्बन्ध प्रमुख फेर्दोस अल मत्ताकिनले समझदारीपत्र आदानप्रदान गर्नुभएको थियो। प्रतिनिधिसभा सदस्य निर्वाचनको स्वच्छता कायम गर्न यसबाट सहयोग पुग्ने विश्वास गरिएको छ। निर्वाचनमा स्वच्छता प्रवर्द्धन तथा आयोगको क्षमता अभिवृद्धिका लागि टिकटकले सहयोग गर्ने भएको छ। साझेदारीले निर्वाचनसम्बन्धी सही, भरपर्दो र समयमै सर्वसाधारणको पहुँचमा सूचनाको पहुँच पुऱ्याउन

बाँकी तीन पृष्ठमा

**निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा।**

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं।
- महिला, बृद्धबृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं।
- आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं।

निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौ र गराऔं।

नेपाल सरकार
बिज्ञापन बोर्ड

# प्रहरीका लागि निर्वाचन लक्षित अनुशिक्षण सुरु

काठमाडौँ, २१ माघ (रासस) ।

नेपाल प्रहरीले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षार्थ खटिने प्रहरी कर्मचारीलाई निर्वाचन लक्षित अनुशिक्षण कार्यक्रम बुधबारेखि सुरु गरेको छ ।

नेपाल प्रहरी प्रधान कार्यालयमा बुधबार आयोजित एक समारोहकाबीच आसन्न निर्वाचनलाई स्वच्छ, निष्पक्ष तथा भयरहित शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्ने प्रयोजनका लागि प्रतिनिधिसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना २०८२ अनुसार निर्वाचन सुरक्षार्थ खटिने प्रहरी कर्मचारीलाई अनुशिक्षण कार्यक्रम सुरु गरेको हो ।

पहिलो चरणअन्तर्गत नेपाल प्रहरी प्रधान कार्यालय, ब्युरोहरू र नेपाल प्रहरी अस्पताल महाराजगञ्जमा कार्यरत प्रहरी वरिष्ठ नायब निरीक्षकदेखि प्रहरी कार्यालय सहयोगीसम्म गरी जम्मा चार हजार १४८ जनालाई चरणबद्ध रूपमा १० दिनसम्म उक्त अनुशिक्षण प्रदान गरिने प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिनुभयो ।

यसैगरी, सबै जिल्ला प्रहरी कार्यालयमा गठित निर्वाचन सेलमार्फत चरणबद्ध रूपमा निर्वाचनको सुरक्षार्थ खटिने प्रहरी कर्मचारीहरूलाई निर्वाचन लक्षित अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

अनुशिक्षण कार्यक्रममा निर्वाचन सुरक्षा, परिचय, निर्वाचनमा प्रहरीको भूमिका, सुरक्षा व्यवस्थापन, निर्वाचन सुरक्षा र प्रहरीले सुरक्षा व्यवस्थामा अपनाउनुपर्ने भूमिका वा अवस्थाहरू, निर्वाचन कार्यमा सुरक्षा पुर्‍याउनुपर्ने क्षेत्रहरू, निर्वाचनमा आइपर्नसक्ने समस्याहरू, विभिन्न व्यक्तिले प्रहरीबाट पाउने सेवाको अपेक्षा तथा निर्वाचनमा प्रहरीको दायित्वका विषयमा जानकारी दिइने छ ।

यस्तै, मतदान केन्द्रको निर्माण, मतदान केन्द्र निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू, निर्वाचन आचारसंहिता, २०८२ अन्तर्गत सुरक्षा निकाय, सुरक्षाकर्मी तथा सुरक्षा सम्बद्ध कर्मचारीले पालना गर्नुपर्ने आचरण, निर्वाचन व्यवस्थापन सामाजिक सञ्जालको उपयोगसम्बन्धी नीति, २०७७, प्रहरी ऐन, २०१२ तथा प्रहरी नियमावली, २०७१ मा भएका निर्वाचनसम्बन्धी (अपराध एवं दण्ड सजायसम्बन्धी व्यवस्था)लगायत विषयवस्तुमा प्रशिक्षण प्रदान गरिने प्रहरी प्रवक्ता काफ्लेले बताउनुभयो ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# चुनावमा मिथ्या सूचनाको बाढी र यसको व्यवस्थापन

**एकराज पाठक**

काठमाडौँ, २१ माघ (रासस) ।

यतिखेर झापाको निर्वाचन क्षेत्र नं ५ मा 'कन्टेन्ट क्रियटर', एवं सामाजिक सञ्जालमा सक्रिय व्यक्ति र युट्युबहरूको ओइरो लागेको देखिन्छ । सो क्षेत्रमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता बालेन्द्र साह उम्मेदवार हुनुहुन्छ । उक्त क्षेत्रमा अड्डा जमाएर बसेका यी मिडियाकर्मीले अनेकथरि पृष्ठभूमि बाधेर प्रश्न गर्छन् तर निर्वाचनमा तपाईं कसलाई भोट दिनुहुन्छ भनेर सोध्न भने छुटाउँदैनन् ।

आफूले मत कसलाई दिँदैछु भन्ने प्रश्नको जवाफ दिन मतदाता बाध्य त छैनन्, तर प्रश्नको वर्षा यसरी हुन्छ कि त्यसको जवाफबाट सर्वसाधारण मतदाता उम्किनै सकिरहेका छैनन् । पार्टी र व्यक्तिको पक्षधरता लिएर काम गरिरहेका उनीहरूले आफ्नो पक्षकै जवाफ चाहेका हुन्छन् । सबैबाट यस्तो जवाफ आएन भने त्यस्तै मतदाता खोज्छन् र चाहेको जवाफ आएपछि अनि त्यसको प्रचारप्रसार गर्छन् । यतिगर्दा पनि मतदाताबाट जवाफ आएन भने एआईबाटै सबैकुरा सिर्जना गरेर प्रचारमा ल्याउँछन् ।

प्रतिनिधिसभाको यही फागुन २१ गते हुने मतदानको समय नजिकिँदै गर्दा यसप्रकारका प्रचार र सामाजिक सञ्जालले सक्रियता बढाएका छन् । केही दिनयतादेखि जारी यस्ता गतिविधि सर्लाही र चितवन जिल्लामा पनि देखिन थालेका छन् । चितवनमा रास्वपाका सभापति रवि लामिछाने र सर्लाहीमा नेपाली कांग्रेसका सभापति गगनकुमार थापाका क्षेत्रमा पनि यसैगरी मतदाताबाट जबर्जस्ती मत सर्वेक्षण गराएर आफू अनुकूलको प्रचार गराइएको छ ।

निर्वाचनका समयमा हुने यो कार्य आचारसंहिताविपरीत हो । मतदान नागरिकको गोपनीय अधिकार हो । उसले मत दिने अधिकार राख्दछ तर आफूले कसलाई मत दिन्छु या दिएँ भन्ने कुरा सार्वजनिक रुपमै व्यक्त गर्न ऊ बाध्य छैन । यसप्रकारको बाध्यता सिर्जना गर्नु नागरिक अधिकारविपरीत छ । तर, यस्तै मतका आधारमा भिडियो निर्माण गर्ने अनि नागरिकले कसलाई मत दिँदैछन् भन्ने कुराको दुष्प्रचार गर्ने गरिएको छ । यो अचारसंहिताको उल्लङ्घन त हो नै, मिथ्या र भ्रमपूर्ण सूचना पनि हो ।

निर्वाचन जति नजिकिँदै गयो त्यति नै मिथ्या एवं गलत सूचनाको बाढीले नागरिकलाई प्रभावित पार्न थालेको छ । तर, नागरिक भने आफूहरू बाढी प्रभावित भएको थाहा पाउन सकिरहेका छैनन् । किनभने उनीहरूले मिथ्या सूचनालाई नै सूचनाका रूपमा ग्रहण गरिरहेका छन् । यसले गर्दा अवस्था यस्तो देखिँदैछ कि भोलि सही एवं सत्य सूचना बाहिर आउँदा पनि खण्डनका रूपमा सार्वजनिक हुने खतरा छ । यसले समग्र सूचना प्रणालीकै 'इकोसिस्टम'मा अवरोध उत्पन्न गरिरहेको छ ।

निर्वाचन नजिकिँदै गर्दा दल र उम्मेदवारहरूका प्रचारको गति थप द्रुत बन्दैछ । प्रायः सबैले प्रचारमा सामाजिक सञ्जाल नै प्रयोग गरेका छन् तर त्यहाँ प्रचारभन्दा बढी दुष्प्रचार फैलिँदो छर । यसमा खासगरी पछिल्लो समय उम्मेदवार हुन् या तिनका सहयोगी कार्यकर्ताहरूले एआईकै प्रयोग व्यापक बनाएका छन् । तर त्यसको प्रयोगभन्दा बढी दुरुपयोग नै भइरहेको छ । यसरी हेर्दा लाग्छ मिथ्या सूचनाको प्रवाह मिनेटमिनेटमै फैलिएको छ । यस्ता सूचनाको प्रवाह नियन्त्रणबाहिर जाँदैगर्दा यता सर्वसाधारण नागरिक भ्रममा परिरहेका छन्र ।

निर्वाचन आयोगले आसन्न निर्वाचनलाई मध्यनजर गर्दै आचारसंहिता जारी गरेको छ । आचारसंहितामा मिथ्या सूचना रोक्ने प्रयास पनि छ । तर पनि आयोगको यो कार्यका लागि आवश्यक हुने रणनीति, प्रविधिका तुलनामा आयोगको कारबाही प्रक्रिया जटिल र चुनौतीपूर्ण देखिएको छर । आचारसंहितामा सबैले पालना गर्नुपर्ने आचरणअन्तर्गत आयोगले मिथ्या सूचनाका बारेमा स्पष्टसँग व्यवस्था गरेको छ । सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने व्यवस्था यसमा गरिएको छर ।

त्यसैगरी निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा एकाउन्ट सञ्चालन गर्न वा झुठा साइट खोल्न वा सञ्चालन गर्न वा गराउन नहुने व्यवस्था सो आचारसंहितामा उल्लेख छर । सामाजिक सञ्जालमा एआईको प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टीकाटिप्पणी गर्न वा गराउन नहुनेलगायतका व्यवस्था आचारसंहितामा स्पष्ट व्यवस्था छर ।

तर पनि अहिले सञ्जालहरूमा यस्ता सामग्री ठूलो परिमाणमा फैलँदै गएकाले यसको नियन्त्रण आयोगका लागि चुनौती बनेको छर । खासगरी एआईको माध्यमबाट आफ्नो प्रचार गर्न, विपक्षीहरूको गलत प्रचार गर्न या विरोधीलाई तल पार्न डिजिटल प्रचार प्रविधिको दुरुपयोग गरिएको छ ।

कतिपय अवस्थामा राजनीतिक व्यक्तिहरू एवं पार्टीका नेताले नै मिथ्या सूचनाको प्रचार गरिरहेका हुन्छन् । यसबाट सामान्य मानिसहरूलाई निकै दुविधा सिर्जना गरिदिएको छ र मिथ्या सूचनाको यो बाढीले सत्य सूचनालाई पछि पारिदिएको छ । यस्तो गलत प्रचारले सत्य सूचना छायाँमा परेको मात्र नभएर उम्मेदवारका खास एजेण्डा नै बाहिर आउन पाएको छैन ।

चुनावमा होमिएका उम्मेदवारका वास्तविक एजेण्डा र नागरिकप्रति उनीहरूका उत्तरदायित्व एवं प्रतिबद्धताहरू आउन सकिरहेको छैन । प्रचारको शैली र तौरतरिका यसरी अघि बढेको छ कि यसले सत्य सूचनामै नागरिकको विश्वास नहुनेअर्थात् सही सूचनालाई नागरिकले यो गलत त होइन भनेर दुई पटक सोच्नुपर्ने अवस्था आउन सक्दछ ।

इन्टरनेट र स्मार्टफोनको पहुँच अहिले सहजै उपलब्ध छ । तिनै स्मार्टफोन बोक्ने नागरिक सामाजिक सञ्जालमा बढी सक्रिय देखिन्छन् । यस्तो अवस्थामा डिजिटल ज्ञान भएको जोकोहीले पनि हातहातको फोनबाटै मिथ्या सूचना उत्पादन र प्रचार गर्न सक्दछन् । सरकारले सामाजिक सञ्जालको सीमालाई साँघुरो बनाउन सक्दैन यसैका कारण सामाजिक सञ्जालको सीमाविहीन दुनियाँ यस्ता मिथ्या सूचनाको वाहक बन्दै गएका छन् । अनि कसले, कहाँबाट र कसरी यस्ता कुसूचना उत्पादन र वितरण गरिरहेको छ भन्ने कुराको पहिचान गर्न प्रविधिलाई नै गाह्रो पर्ने अवस्था आएको छ ।

अघिपछि पनि प्रायः देखापर्ने मिथ्या सूचना चुनावका बेला झन बढी देखिन्छन् । निर्वाचन आचारसंहिता यो बाढी रोक्ने एक अचुक अस्त्र हो । यसको उल्लङ्घनमा हुने कडा कारबाहीले पनि यस्तो बाढी रोकावटको काम गर्दछ । आखिर मिथ्या सूचनाको स्रोत धेरैजसो राजनीतिक दल र उनीहरूसँग आबद्ध नेता तथा कार्यकर्ता नै हुन् । यसमा कुनै दल, पक्ष विपक्ष भन्ने देखिँदैन । एउटाले गरेपछि प्रायः अरुले यसलाई पछ्याउन थाल्दछ र त्यही विधि र प्रविधि सिकिहाल्छन् । पक्षधरता बोकेका सञ्चारमाध्यम यस्ता सूचनाका अर्को स्रोत हुन् ।

यस्ता मिथ्या कन्टेन्ट, फोटो, भिडियो सामग्री आदि वास्तविकजस्तै लाग्छ । सामान्य प्रयोगकर्तालाई ती सामग्री सही हुन् या गलत भनेर छुट्याउनै गाह्रो पर्ने गरेको छ । यसको सही या गलत भनेर परीक्षण गर्ने सीप सबै सर्वसाधारण नागरिकसँग हुने कुरा पनि भएन । यसैले नागरिकलाई प्रभावित पर्ने खतरा बढाएको छ । यस्तो अवस्था चुनाव जति नजिकिँदै छ, त्यति नै बढ्दै छ ।

समस्या कहाँनेर छ भने अहिलेको समयमा इन्टरनेट तथा सामाजिक सञ्जाललाई अवज्ञा गरेर अघि बढ्न सक्ने अवस्था छैन र नत अहिलेकै अवस्थालाई स्वीकार गर्न सकिने स्थिति छ । सामाजिक सञ्जालमाथिको नियन्त्रण नागरिकको सूचना तथा अभिव्यक्तिको स्वतन्त्रताको विषयसँग जोडिएर आउँछ । तर यो अधिकारलाई निरपेक्ष नभई यसको प्रयोगका सीमा कोर्न सकिने सहज कानुनको आवश्यकता छ । वर्तमानको अध्ययन गर्दा गलत एवं मिथ्या सूचनाको कुरियर सामाजिक सञ्जालहरू नै बढी देखिएकाले तिनको सीमा र नियमनका बारेमा वैधानिक आधारहरू तय गरेर बहस थाल्नुपर्ने नितान्त आवश्यकता छ ।

तर पनि यी कार्यलाई कानुनी दायरामा ल्याउन नसकिएको अवस्था भने होइन । निर्वाचन आयोगले चुनावमा मिथ्या सूचना फैलाउनेलाई कारबाहीको दायरामा ल्याउने विषयलाई आचारसंहितामै समेटेको छ । सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्नेलाई रु एक लाखसम्म जरिवाना गराउन सकिने व्यवस्था आचारसंहितामा पनि छर ।

त्यस्तै, निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २२ मा निर्वाचनका बेला उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले राजनीतिक दल वा उम्मेदवारको नीति तथा कार्यक्रमका सम्बन्धमा प्रचारप्रसार गर्दा/गराउँदा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानमा आँच पुर्‍याउने वा खलल पार्ने काम गरे रु दुई लाखसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छर ।

आयोगले चुनावका बेलामा यस्ता सूचनाको नियन्त्रणका लागि अनुगमन र नियमन गर्ने गर्दछ । यसका लागि आमनागरिक एवं उम्मेदवारलाई आचारसंहिताको उल्लङ्घन गरेमा मौखिक, लिखित तथा विद्युतीय माध्यमबाट उजुरी दिन सक्ने व्यवस्था पनि छ । यसअनुसार परेका उजुरीमाथि कारबाही भएका समाचार पनि सार्वजनिक हुने गरेकै छन् । तर पनि यो बाढी रोकिनुको सट्टा अझ बढी परिस्कृत स्वरुपमा आधुनिक प्रविधि एवं विधिहरूको प्रयोगमा उत्रिएको छ । मिथ्या र भ्रमपूर्ण सूचना फैलाउने कारखाना दिन प्रतिदिन होइन कि मिनेट मिनेटमै फैलँदैछ ।

# प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कांग्रेसले खटायो सातै प्रदेशमा प्रतिनिधि

काठमाडौँ, २१ माघ (रासस)।

नेपाली कांग्रेसले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सातै प्रदेशमा प्रतिनिधि खटाएको छ।

आगामी फागुन २१ मा हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै कांग्रेसले मंगलबार सातै प्रदेशमा प्रतिनिधि खटाएको हो।

पार्टी उपसभापति विश्वप्रकाश शर्मा नेतृत्वमा रहेको 'केन्द्रीय निर्वाचन परिचालन समिति' ले सातै प्रदेशमा पार्टीको अवस्था बुझ्न र सहयोग गर्न प्रतिनिधि खटाएको पार्टीका प्रवक्ता देवराज चालिसेले जानकारी दिनुभयो। तोकिएका केन्द्रीय प्रतिनिधिले सम्बन्धित प्रदेशभित्रका जिल्लामा पार्टीको अवस्था बुझ्ने र आवश्यक विषयमा केन्द्रीय तहमा समन्वय गर्ने उहाँले बताउनुभयो।

कांग्रेसले कोशी प्रदेशका ताप्लेजुङ, इलाम, पाँचथर र झापामा सहमहामन्त्री डा डिला सङ्ग्रौला, निवर्तमान सहमहामन्त्री भीष्मराज आङदेम्बे, सुधीरकुमार शिवाकोटी र सुरेश सुब्बालाई खटाइएको छ।

कोशीकै सङ्खुवासभा, तेह्रथुम भोजपुर, धनकुटा, मोरङ र सुनसरीमा अमृत अर्याल, मीन विश्वकर्मा, तारामान गुरुङ र उमेशजङ्ग रायमाझीलाई खटाइएको छ। सोलुखुम्बु, खोटाङ, ओखलढुङ्गा, उदयपुर, सिरहा र सप्तरीमा बसन्त भट्टराई, नगेन्द्र कुमाल, प्रमिला राई र धर्म नेपाली दर्जी प्रतिनिधि तोकिएका छन्।

यसैगरी बागमती प्रदेशका धादिङ, रसुवा, नुवाकोट र काठमाडौँका लागि सहमहामन्त्री बहादुरसिंह लामा, डा केदारनरसिंह केसी, राजेन्द्रकुमार केसी, प्रतिमा गौतम, जीतनारायण श्रेष्ठ र डा अमिता प्रधानलाई खटाइएको छ।

यस्तै, काभ्रेपलाञ्चोक, सिन्धुली, ललितपुर र मकवानपुरमा जीपछिरिङ लामा, हरिशरण नेपाली, उर्मिला थपलिया, उमा दाहाल र गीता सत्याललाई खटाइएको छ। भक्तपुर, दोलखा, रामेछाप, सिन्धुपाल्चोक र चितवनमा अर्जुननरसिंह केसी, दिलमान पाखिन, धना खतिवडा, मधुराप्रसाद घिमिरे र धर्मराज गौतमलाई खटाइएको प्रवक्ता चालिसेले जानकारी दिनुभयो।

गण्डकी प्रदेशका पर्वत, म्याग्दी, मुस्ताङ र बागलुङका लागि चीनकाजी श्रेष्ठ, मनकुमारी गुरुङ, कृष्णबहादुर केसी र चिनु पोखरेललाई खटाइएको छ। यस्तै, स्याङ्जा, कास्की, मनाङ र नवलपुरका लागि ध्रुव वाग्ले, जगदीशचन्द्र उपाध्याय, मनकुमारी गुरुङ, किरणराज शर्मा पौडेल, गोरखा, लमजुङ र तनहुँका लागि अब्दुल सत्तार, रेशम बानियाँ, शारदा पौडेल र सरस्वती अर्याल तिवारीलाई खटाइएको छ।

लुम्बिनी प्रदेशका रुपन्देही, पाल्पा, नवलपरासी र गुल्मीका लागि डा गोपाल दहित, गहेन्द्र गिरी, प्रदीप शर्मा र राजेन्द्रगोपाल सिंहलाई तोकिएको छ। यस्तै, कपिलवस्तु, अर्घाखाँची, रूकुम पूर्व, प्यूठान र रोल्पाका लागि कृष्णकिशोर घिमिरे, मैकुलाल वाल्मिकी, छन्दबहादुर पहराई र केशव आचार्य प्रतिनिधि रहेका छन्। दाङ, बाँके र बर्दियाका लागि चन्द्रबहादुर केसी, कमलप्रसाद भुसाल राधेश्याम पाठक र रङ्गमती शाही खटिएको कांग्रेस केन्द्रीय कार्यालयले जनाएको छ।

यस्तै, सुदूरपश्चिम प्रदेशका कञ्चनपुर, बैतडी, दार्चुला र बझाङका लागि हिमबहादुर रावल, निपा चोख्याल र विद्यादेवी तिमिल्सिना खटिएका छन् भने कैलाली र डडेलधुराका लागि जगतप्रसाद जोशी, सुनिता राना, डा रणबहादुर रावल र नृपबहादुर वडलाई जिम्मेवारी दिइएको छ।

डोटी, अछाम र बाजुराका लागि नरेन्द्र भट्ट, सम्झना खत्री र सुशिला मिश्र भट्टलाई खटाइएको कांग्रेस निर्वाचन परिचालन समितिले जनाएको छ।

# स्वास्थ्य बिमा कार्यक्रममा देखिएका समस्या समाधानका लागि अर्थमन्त्रालयसँग बजेट माग

काठमाडौँ, २१ माघ (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा गौतमले राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रममा देखिएको आर्थिक सङ्कट समाधानका लागि तत्काल आवश्यक बजेट उपलब्ध गराउन अर्थ मन्त्रालयसँग माग गर्नुभएको छ।

बुधबार प्रधानमन्त्री कार्यालयमा प्रधानमन्त्री सुशीला कार्कीको उपस्थितिमा भएको छलफलमा उहाँले तत्काल रु १५ अर्ब व्यवस्थापन नगरे स्वास्थ्य बिमा प्रणालीमा आवद्ध रहेका अस्पतालहरू बन्द हुनसक्ने भन्दै चिन्ता व्यक्त गर्नुभयो।

मन्त्री डा गौतमले विद्यमान समस्या र अवस्थाको समाधान छलफल र सुझावले मात्र सम्भव नहुने भन्दै स्रोत व्यवस्थापनका लागि अर्थ मन्त्रालयसँग आग्रह गर्नुभयो। "शून्य बजेटमा २४ अर्ब दायित्व बोकेर स्वास्थ्य बिमा कार्यक्रम कसरी सञ्चालन हुन्छ ?", मन्त्री गौतमले प्रश्न गर्नुभयो, "कि स्पष्ट रूपमा स्वास्थ्य बिमा बन्द गर्न निर्देश हुनुपर्‍यो कि आवश्यक रकम जुटाइदिनुपर्‍यो।"

स्वास्थ्यमन्त्री डा गौतमले अर्थमन्त्री र अर्थसचिवलाई प्रत्यक्ष सम्बोधन गर्दै साउनमा प्रस्तुत बजेट वक्तव्यमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, अतिविपन्न तथा अल्पसङ्ख्यक समुदायका लागि स्वास्थ्य बिमा सुविधालाई निरन्तरता दिने सरकारको नीतिअनुसार मन्त्रालयले काम गरिरहेको बताउनुभयो।

सो छलफलमा अर्थसचिव घनश्याम उपाध्यायले स्वास्थ्य मन्त्रालयलाई नीतिगत सुधारका लागि सुझाव दिँदै आवश्यक स्रोत जुटाउन अर्थ मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभयो।

"तत्कालै व्यवस्थापनका लागि स्वास्थ्य बिमाका लागि दिने सहिने रकमको पुनर्प्राथमिकीकरण गरेर स्वास्थ्य मन्त्रालयले ल्याउनुपर्ने देखिन्छ। रकमान्तर गर्ने, स्रोतान्तर गर्ने विषयमा अर्थ मन्त्रालयले पूर्ण सहयोग गर्नेछ। त्यसबाहेक पनि अन्य मन्त्रालयमा रहेका चालु खर्चहरूको विवरणअनुसार आवश्यकताका आधारमा स्वास्थ्य मन्त्रालयमा रकमान्तर गर्न तयार छौँ", सचिव उपाध्यायले भन्नुभयो।

स्वास्थ्य मन्त्रालयले सुधारलाई पहिलो एजेण्डा नबनाई स्रोतको खोजी मात्र गरेमा स्वास्थ्य बिमा दिगो रूपमा सञ्चालन हुन नसक्ने उहाँको भनाइ छ। "स्वास्थ्य मन्त्रालयद्वारा सञ्चालित कार्यक्रममा देखिएका समस्या समाधान गर्ने पहिलो एजेण्डा मन्त्रालयले नै बनाउनुपर्छ, अनि मात्र सुधार सम्भव छ", सचिव उपाध्यायले भन्नुभयो।

***समानुपातिकतर्फको ...***

नाम हटाएको छ।

यस्तै, आयोगले तोकिएको जरिवाना भुक्तान नगरेका १० जना, मतदाता नामावलीमा पिछडिएको क्षेत्रमा नभएका एक जनालाई पनि बन्दसूचीबाट हटाएको थियो। यस्तै, नाम हटाउन भनी सम्बन्धित राजनीतिक दलबाट लेखिएआएका १० जनाको नाम समेत हटाइएको छ।

***निर्वाचनमा हुने ...***

सहयोग पुग्ने विश्वास आयोगले गरेको छ।

समझदारीले निर्वाचनलाई असर पार्नसक्ने भ्रामक सूचना तथा हानिकारक सामग्रीको नियन्त्रणका लागि आयोगबाट भइरहेको प्रयासमा योगदान पुऱ्याउने विश्वास गरिएको छ।

# निर्वाचन प्रचारप्रसार आयव्ययका लागि बैंक खाता सञ्चालन तथा व्यवस्थापन कार्यविधि जारी

काठमाडौँ, २१ माघ (रासस)।

निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा भाग लिने राजनीतिक दल र उम्मेदवारलाई निर्वाचन प्रचारप्रसार बैंक खाता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ अनुसार खाता खोलेर कारोबार गर्न आह्वान गरेको छ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बुधबार जारी गर्नुभएको विज्ञप्तिमा आयोगको मङ्गलबारको बैठकबाट कार्यविधि स्वीकृत भई जारी गरेकाले त्यसअनुसार बैंक खाता खोली निर्वाचन प्रचारप्रसारका आम्दानी र खर्च त्यसैमार्फत गर्न आह्वान गर्नुभएको हो। कार्यविधि आयोगको वेबसाइटमा अपलोड गरिसकिएको छ। यसका लागि इजाजत प्राप्त क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थालाई निर्देशन जारी सकिएको पनि विज्ञप्तिमा उल्लेख गरिएको छ।

राजनीतिक दल तथा उम्मेदवारलाई आमनिर्वाचनको सिलसिलामा गरिने प्रचारप्रसार खर्चलाई बैंकिङ प्रणालीमा आबद्ध गराउन निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० बमोजिम निर्वाचन प्रचारप्रसार बैंक खाता सञ्चालन गर्न आयोगले ध्यानाकर्षण गराएको हो।

राजनीतिक दल र उम्मेदवारले निर्वाचन प्रचारप्रसारका लागि आर्थिक सहयोग लिइ गर्ने आम्दानी र खर्च कारोबार बैंक खातामार्फत नै गर्नुपर्ने व्यवस्था आयोगले गरेको छ। यस्तो खाता खोल्न राजनीतिक दलको हकमा निर्वाचन आयोगको सचिवालयबाट र उम्मेदवारको हकमा सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयबाट सिफारिस हुनेगरी तोकिएको पनि आयोगले जनाएको छ।

यसैअनुसार मातहत निर्वाचन कार्यालय, बैंक तथा वित्तीय संस्थाबाट कार्यसम्पादन गर्न पनि निर्देशन दिइएको छ। निर्वाचन प्रचारप्रसार खर्चलाई आधुनिक बैंकिङ प्रणालीसँग आबद्ध गर्नेगरी सु-संस्कृत व्यवहारको थालनी भएकाले सबै पक्षबाट सक्रिय सहयोग, समन्वय र सहजीकरणको अपेक्षा पनि आयोगले गरेको विज्ञप्तिमा उल्लेख छ।

## विश्व समाचार

### बङ्गलादेशमा हिन्दू अल्पसङ्ख्यकमाथि बढ्दो डर

ढाका, २१ माघ (रासस/एपी)।

सत्ताइस वर्षीय हिन्दू गार्मेन्ट कामदार दीपु चन्द्र दासलाई डिसेम्बरमा उहाँका केही मुस्लिम सहकर्मीहरूले पैगम्बर मुहम्मदको बारेमा अपमानजनक टिप्पणी गरेको आरोप लगाएका थिए। यसले उहाँको कार्यस्थलमा हिंसात्मक भिड आकर्षित गऱ्यो। उहाँलाई पिटेर मारिएको थियो, शरीर रूखमा झुन्ड्याइयो र आगो लगाइयो।

बङ्गलादेशभरका हिन्दूहरूले आफ्नो फोनमा रेकर्ड गरिएका तस्बिरहरू डरका साथ हेरे। न्याय र सुरक्षा माग गर्दै प्रदर्शनकारीहरूले ढाका र अन्य सहरहरूमा विरोध प्रदर्शन गरे। मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकारले अनुसन्धानको आदेश दियो र प्रहरीले करिब एक दर्जन व्यक्तिलाई पक्राउ गऱ्यो।

तर मानव अधिकार समूह र हिन्दू नेताहरूका अनुसार हत्या एउटा पृथक घटना होइन, तर बढ्दो ध्रुवीकरण, इस्लामवादीहरूको पुनरुत्थान र दण्डहीनताको संस्कृतिसँग जोडिएको अल्पसङ्ख्यक समुदायमाथि व्यापक आक्रमणको भाग हो। फेब्रुअरी १२ मा हुने राष्ट्रिय निर्वाचन नजिकिँदै गर्दा हिन्दूहरूमा डर अझ व्यापक छ। ढाकास्थित हिन्दू मानव अधिकार कार्यकर्ता रञ्जन कर्माकरले भन्नुभयो, "अब कोही सुरक्षित महसुस गर्दैनन्। सबै डराएका छन्।"

बङ्गलादेशमा मुलुकको कुल जनसङ्ख्या १७ करोडमा हिन्दूहरू करिब एक करोड ३१ लाख अर्थात आठ प्रतिशत मात्र छन्। मुस्लिमहरूको जनसङ्ख्या ९१ प्रतिशत छ। बङ्गलादेश हिन्दू बौद्ध क्रिश्चियन युनिटी काउन्सिलले सन् २०२४ को विद्रोहदेखि २००० भन्दा बढी साम्प्रदायिक हिंसाका घटनाहरू दर्ता गरेको छ, जसमा ६१ हत्या, महिलामाथि हिंसा, पूजास्थलमा आक्रमण र तोडफोड समावेश छन्।

मानव अधिकार कार्यकर्ता कर्माकरका अनुसार हिन्दूहरू प्रायः एक पक्षको मतदानका रूपमा हेरिन्छन्, जसले उनीहरूको असुरक्षा बढाउँछ। "हिंसामा संलग्न व्यक्तिहरूलाई कानूनअन्तर्गत ल्याइएको छैन, न्याय प्रणालीमा जवाफदेही बनाइएको छैन। यसले हिंसा जारी रहने धारणा सिर्जना गर्छ", उहाँले भन्नुभयो।

सबैभन्दा ठूलो इस्लामवादी पार्टी जमात-ए-इस्लामी र विद्यार्थी शाखाको पुनरुत्थानसँगै हिन्दूमाथिको आक्रमण बढेको छ। पार्टीले निर्वाचनमा प्रभाव पुनः प्राप्त गर्ने अवसरका रूपमा यसलाई हेर्छ। यसले सार्वजनिक ऱ्यालीहरू आयोजना गऱ्यो र हिन्दू समुदायका नेतालाई उम्मेदवार मनोनयन गऱ्यो। राजनीतिक विश्लेषक अल्ताफ परवेजका अनुसार यस्ता कदम धेरै हदसम्म प्रतीकात्मक छन् र अल्पसङ्ख्यक मतदातामा असर पार्ने उद्देश्य राख्छन्। ग्रामीण क्षेत्रमा व्यवस्थित आक्रमणले आगामी निर्वाचनमा अल्पसङ्ख्यक सहभागिता घटाउने खतरा पैदा गरेको छ।

हिन्दूहरूमाथिको आक्रमणले छिमेकी भारतसँग पनि तनाव बढाएको छ। भारतको विदेश मन्त्रालयले बङ्गलादेशमाथि हिन्दूहरूमाथि हुने बारम्बार आक्रमणलाई कम महत्त्व दिएको आरोप लगाएको छ। यसले कूटनीति र खेलकुद कार्यक्रमहरूमा असर पुऱ्याएको छ। दीपु चन्द्र दासको हत्याले उहाँको परिवारमा गहिरो पीडा पुऱ्याएको छ। उहाँका बुबाले भन्नुभयो, "फोनमा तस्बिर हेरेर मेरो छाती फुटेको जस्तो लाग्यो।" उहाँकी आमा शेफाली रानी दासले भन्नुभयो, "मेरो छोरालाई कुटपिट गरी, झुन्ड्याएर जलाइयो। म न्याय खोज्छु।"

### मोदीद्वारा अमेरिकी व्यापार सम्झौताको स्वागत

नयाँदिल्ली, २१ माघ (रासस/एपी)।

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय सामानमा अमेरिकी आयात शुल्क घटाउने सम्झौताको स्वागत गर्नुभएको छ, तर विपक्षी सांसदहरूले कृषि र संवेदनशील क्षेत्रमा पर्न सक्ने असरबारे प्रश्न उठाएका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार भारतमा रुसी तेल खरिद घटाउने वा रोक्ने सर्तमा आयात शुल्क घटाउने योजना घोषणा गर्नुभएको हो। यसअनुसार भारतले अमेरिकी सामानमा आयात कर शून्यमा झार्ने र पाँच खर्ब अमेरिकी डलर मूल्यको उत्पादन किन्न सुरु गर्ने व्यवस्था हुनेछ। मोदीले कर कटौतीबाट आफू खुसी भएको र ट्रम्पको नेतृत्वलाई विश्वव्यापी शान्ति, स्थिरता र समृद्धिका लागि महत्त्वपूर्ण भएको प्रतिक्रिया दिनुभएको छ।

अमेरिकी दूतावासका प्रवक्ताले भारतमा अन्तिम आयात शुल्क १८ प्रतिशत हुने पुष्टि गर्नुभएको छ। यसले भारतीय निर्यातकलाई ५० प्रतिशतसम्मको संयुक्त करको प्रभावबाट राहत दिने अपेक्षा गरिएको छ। विपक्षी राजनीतिक दलहरूले सम्झौतामा कृषि र दुग्धजस्ता संवेदनशील क्षेत्रको सुरक्षा सुनिश्चित हुनुपर्ने भन्दै तल्लो सदनको कार्यवाही रोकेका छन्। अमेरिकी कृषिमन्त्री ब्रुकर रोलिङ्सले सम्झौताले अमेरिकी किसानलाई भारतमा निर्यात बढाउन, मूल्य उचाल्न र ग्रामीण क्षेत्रमा नगद प्रवाह गर्न मद्दत गर्ने बताउनुभएको छ। सन् २०२४ मा भारतसँगको अमेरिकी कृषि व्यापार घाटा एक अर्ब ३० करोड डलर थियो।

भारतीय व्यापारमन्त्री पियुष गोयलले संवेदनशील क्षेत्रहरू सम्झौतामा सुरक्षित गरिएको र भारतले उत्कृष्ट सम्झौता पाएको बताउनुभयो। उहाँले जनतालाई आश्वस्त पार्दै सम्झौताले हरेक भारतीयको हितसँगै कृषि र अन्य संवेदनशील क्षेत्रको सुरक्षा पनि सुनिश्चित गर्ने बताउनुभयो।

विश्लेषकहरूले समयसीमा, कभर हुने उत्पादन र संवेदनशील क्षेत्रको सुरक्षा स्पष्ट नभएसम्म उत्सव मनाउन हतार नगर्न चेतावनी दिएका छन्। अमेरिकी सामानको पाँच खर्ब डलर आयातमा पुग्न हालको दरमा कम्तीमा दुई दशक लाग्ने अनुमान गरिएको छ।

यस सम्झौताले भारत र अमेरिकी बजारबीचको व्यापार विस्तार गर्ने मात्र नभई श्रम-गहन, निर्माण र उच्च प्रविधि क्षेत्रमा पारस्परिक लाभदायक अवसरहरू सिर्जना गर्ने अपेक्षा गरिएको छ। विशेषज्ञहरूले संवेदनशील क्षेत्रको संरक्षणबिना हतारमा सम्झौतामा प्रवेश गर्नु जोखिमपूर्ण हुने बताएका छन्। मोदी र ट्रम्पबीचको यो सम्झौताले युक्रेनविरुद्धको युद्धका कारण रुसी तेलको निरन्तर खरिद रोक्ने पहलसँग सम्बन्धित रहेको बताइएको छ। ट्रम्पले एक्स प्लेटफर्ममा लेख्नुभएको छ, "यसले युक्रेनमा युद्ध समाप्त गर्न मद्दत गर्नेछ, जहाँ प्रत्येक हप्ता हजारौं मानिसको मृत्यु भइरहेको छ।"

# प्रधानमन्त्री कप छनौट प्रतियोगितामा घरेलु टोलीको विजयी सुरुवात



**दैनिक समाचारदाता**
**राजविराज, २१ माघ ।**

पाहुना टोली सिरहालाई उदघाटन खेलमा पराजीत गर्दै बुधवार देखी यहाँ सूरु भएको प्रधानमन्त्री कप मधेश प्रदेशस्तरीय खेलाडी छनौट प्रतियोगितामा घरेलु टोली सप्तरीले विजयी सूरुवात गरेको छ ।

सप्तरी सदरमुकाम राजविराजस्थित पविमाविको खेलमैदानमा सुरु भएको प्रतियोगिताको उदघाटन खेलमा सिरहालाई ४ विकेटले पराजीत गर्दै सप्तरीले विजयी सूरुवात गरेको हो ।

टस जितेर ब्याटिङ्ग रोजेको सिराहले निर्धारित ५० ओभरको खेलमा ३० दशमलव १ ओभर मै सम्पुर्ण विकेट गुमाई १ सय २५ रन जोडेको थियो । जवाफी ब्याटिङ्गमा उत्रेको सप्तरीले अभिषेक कार्कीको बिस्फोटक अर्धसतकिय पारी ५३ रन (अविजीत)को मदतले २८ दशमलव ४ ओभरमा विजय लक्ष्य प्राप्त गरेको थियो । यद्धपी विजय लक्ष्य पछ्याउने क्रममा सप्तरीले ६ विकेट गुमाएका थिए । उक्त खेलको प्लेयर अफ द म्याच सप्तरीका अभिषेक कार्की घोषित भए । उनलाई क्रिकेटका अन्तराष्ट्रिय खेलाडी दिपेन्द्र चौधरीले उक्त पुरस्कार प्रदान गरेका थिए ।

यस अघि प्रतियोगिताको एक समारोहबीच क्रिकेट संघ सप्तरीका उपाध्यक्ष निरज कुमार सिहले उदघाटन गरेका थिए । संघका सचिव चन्दन कुमार यादवका अनुसार प्रधानमन्त्री कप पुरुष छनौट क्रिकेट प्रतियोगिता बुधवार एकै दिन मधेश प्रदेशको बाराको कलैया र सप्तरीको राजविराजमा सूरु भएको छ ।

राजविराजमा सप्तरी, सिरहा, धनुषा र महोत्तरी तथा कलैयामा बारा, पर्सा, सर्लाही र रौतहटबीच प्रतिस्पर्धा हुनेछ ।

यसैबीच मैदान भित्र प्रतियोगिता चलिरहदा बाहिर भने केही असन्तुष्ट खेलाडीहरुले विरोध प्रदर्शन गरेका छन । निषेधित क्रिकेट खेलाडी संघर्ष समितीको ब्यानर लिएर मैदान बाहिर भेला भएका उनीहरुले प्रदेश तथा जिल्लास्तरको खेलाडीलाई तलब भत्ताको व्यवस्था गरिनु पर्ने र क्रिकेटमा सिन्डीकेट प्रथाको अन्त हुनु पर्ने माग गर्द नाराबाजी गरेका थिए ।

यस्तै उनीहरुले प्रधानमन्त्री कपलाई क्यानका नेतृत्वकर्ताले प्राइभेट कम्पनी भै बनाएको भन्दै नेतृत्व विरुद्ध चर्को नाराबाजी गरेका थिए । नाराबाजी गर्दै उनीहरु मैदान भित्र प्रवेश गर्न खोजेपछि सुरक्षाका लागी खटिएका सुरक्षाकर्मीहरुले उनीहरुलाई प्रवेशमा रोक लगाएका थिए ।

# क्यान्सरबाट हरेक वर्ष दश लाख ज्यान जाँदो

काठमाडौँ, २१ माघ (रासस) ।

बुधबार विश्व क्यान्सर दिवस हो । यो रोगप्रति चेतना अभिवृद्धि गर्ने, यसको रोकथाम, समयमै पहिचान र उपचारमा जोड दिने उद्देश्यका साथ हरेक वर्ष फेब्रुअरी ४ का दिन विश्वभर विश्व क्यान्सर दिवस विविध चेतनामूलक कार्यक्रमका साथ मनाइन्छ ।

सन् २००० मा फ्रान्सको पेरिसमा आयोजित 'नयाँ सहस्राब्दीका लागि क्यान्सरविरुद्ध विश्व शिखर सम्मेलन'बाट पारित 'चार्टर अफ पेरिस अगेन्स्ट क्यान्सर' पछि यो दिवस चेतनामूलक कार्यक्रमका साथ मनाउन प्रारम्भ भएको हो ।

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)का अनुसार हरेक वर्ष करिब १० लाख मानिसको क्यान्सरका कारण मृत्यु हुने गरेएको छ । धूमपान, तमाखु सेवन, अस्वस्थ जीवनशैली यो रोगका प्रमुख कारण हुन् ।

# सवारी दुर्घटनामा युवकको मृत्यु, तीन जना घाइते

सर्लाही, २१ माघ (रासस) ।

पूर्वपश्चिम राजमार्गअन्तर्गत सर्लाहीको ईश्वरपुरमा सवारी दुर्घटना हुँदा एक युवकको मृत्यु भएको छ भने अन्य तीन जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता सरोज राईका अनुसार बुधबार बिहान लु३च ५४७२ नम्बरको निजी कार दुर्घटना हुँदा बुटवल उपमहानगरपालिका-१ का २७ वर्षीय शुभम् जैसवालको मृत्यु भएको हो ।

काँकरभिट्टाबाट बुटवलतर्फ गइरहेको कारका चालक बुटवल उपमहानगरपालिका-१ का २३ वर्षीय साहिल बर्मा, ४८ वर्षका बृजकिशोर बर्मा र ५२ वर्षका सञ्जय जैसवाल घाइते भएका हुन् । घाइते सबैको बर्दिबासस्थित शुभस्वस्तिक अस्पतालमा उपचार उपचार भइरहेको छ । घाइतेमध्ये जैसवालको अवस्था गम्भीर छ ।

# शरीर बन्धक बनाएको अभियोगमा दुई जना पक्राउ

सिरहा, २१ माघ (रासस) ।

वैदेशिक रोजगारीका लागि आकर्षक तलबको प्रलोभन देखाएर एक युवकलाई भारतमा पुर्याई शरीर बन्धक बनाएको आरोपमा दुई जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी रमेशबहादुर पालका अनुसार कल्याणपुर नगरपालिका-७ का २६ वर्षीय सुरज मुखिया र लहान नगरपालिका-११ का २२ वर्षीय प्रशान्त चौधरीलाई पक्राउ गरिएको हो ।

अभियुक्तद्वयले कल्याणपुर गनरपालिका-७ का रिशकेशकुमार मरिकलाई भारतको गयामा आकर्षक काम लगाइदिने भन्दै प्रलोभनमा पारिएको थियो । गत पुस २० गते त्यहाँ पुर्याएपछि मोबाइल र सर्टिफिकेटसमेत खोसी उनलाई एक होस्टलमा बन्धक बनाएको पीडितले बताएका थिए । पीडितलाई बन्धक बनाएर कुटपिट गर्ने र ज्यान मार्ने धम्की दिँदै परिवारबाट फिरौती रकम असुल गरेको प्रहरीले जनाएको छ ।

अभियुक्तहरूले पीडितको परिवारबाट रु दुई लाख १७ हजार २०० र मरिकको साथबाट ३० हजार भारु असुल गरेका थिए ।

# स्वास्थ्य बिमा समस्या समाधानको प्रयासमा प्रधानमन्त्री

काठमाडौँ, २१ माघ (रासस) ।

प्रधानमन्त्री सुशीला कार्कीले स्वास्थ्य बिमा समस्या समाधानका प्रयास प्रारम्भ गर्नुभएको छ ।

यसै क्रममा सरोकार भएका पक्षसँग छलफल गर्न उहाँले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार अपराह्न बैठक आह्वान गर्नुभएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

केही समयअघिदेखि देशका विभिन्न भागमा रहेका अस्पतालहरूले स्वास्थ्य बिमाबापतको रकम स्वास्थ्य बिमा बोर्डले भुक्तानी नदिँदा सेवा बन्द गर्ने निर्णय गरेका थिए । स्वास्थ्य सेवा प्रदायक संस्थाहरूले लामो समयदेखि बिमाबापत रकम नपाउँदा सेवा प्रवाह गर्न कठिन भएको जनाएका छन् ।

स्वास्थ्य बिमा बोर्डका अनुसार देशभर सूचीबद्ध स्वास्थ्य संस्थालाई रु १० अर्बभन्दा बढी रकम भुक्तानी गर्न बाँकी छ ।

# सामाजिक सञ्जालसम्बन्धी विधेयक सङ्घीय संसद्बाट फिर्ता गर्न स्वीकृति

काठमाडौँ, २१ माघ (रासस) ।

सरकारले सामाजिक सञ्जालसम्बन्धी विधेयक सङ्घीय संसद्बाट फिर्ता गर्न स्वीकृति दिएको छ ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले 'सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१' संसद्बाट फिर्ता लिन स्वीकृति प्रदान गर्ने निर्णय गरेको गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिनुभयो ।

राष्ट्रियसभाको १७ औँ अधिवेशनमा दर्ता भएको उक्त विधेयक हाल सभा अन्तर्गतको विधायन व्यवस्थापन समितिमा विचाराधीन अवस्था छ ।

बैठकले सिंहदबारस्थित निर्माणाधीन संसद् भवन परिसरमा जेनजी आन्दोलनका सहिदको शालिक निर्माण गर्नेगरी सिंहदरबार परिसर गुरुयोजना संशोधन गर्न स्वीकृति प्रदान गरेको सरकारका प्रवक्तासमेत रहनुभएका गृहमन्त्री अर्यालले जानकारी दिनुभयो ।


## धितो लिलाम बिक्रि गर्ने बारे ३५ दिने अत्यन्तै जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति :२०८२/१०/२२**

यस प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड राजविराजको तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लङ्घन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा ताकेता गर्दा समेत कर्जा नतिरेको, नबुझाएको हुँदा मिति २०८२/०७/१९ गतेको राजविराज दैनिक पत्रिकामा ऋण चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना, मिति २०८२/०८/२४ गते १५ दिने सूचना र मिति २०८२/०९/११ गते ७ दिने सूचना प्रकाशित गर्दा समेत संस्थाको कर्जा चुक्ता नगरेको कारण तपसिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम बिक्रि गरि यस संस्थाको सम्पूर्ण लेना रकम उपर गरि लिनको लागि ऋणको सुरक्षण बापत लेखाई दिएको धितो लिलाम बिक्रि गर्ने यो प्रथम पटक प्रकाशित ३५ दिने धितो लिलाम सम्बन्धि सूचना प्रकाशित गरिएको छ । अत उल्लेखित म्याद भित्र तपसिलमा उल्लेखित लिलाममा बिक्रि हुने धितो सुरक्षण सम्पत्ति गोप्य शिलबन्दी बोलपत्रद्वारा खरिद गर्नलिन इच्छुक संघ, संस्था, फर्म, कम्पनि तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफूले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ति कसैले नगरेमा वा रितपूर्वक बोलपत्र नपरेमा सहकारी ऐन २०७४ प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ति यस संस्थाले आफैले साकार गरि लिने ब्यहोरा समेत सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्रि गर्दा वा संस्थाले आफैले साकार गर्दा सावित्रमा भएको यस संस्थाबाट मुल्यांकन भन्दा कम मुल्यमा बिक्रि भयो वा मेरो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्रि भयो वा आफैले साकार गरि लियो भनि कोहि कतै उजुर बाजुर गर्न पाईने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि सम्पूर्ण लेना रकम असुल उपर नभएमा अन्य चल, अचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिलिने र सहकारी ऐन २०७४ बमोजिम कालो सूचिमा समावेश गरिने ब्योहरा सम्बन्धित सबैलाई सूचित गराईन्छ ।

**तपशिल :**

१.

| जग्गा धनिको नाम | गा.वि.स./न.पा. | वार्ड नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| नाम : मविनलाखातुन/हमिद मिया<br>बुबा:- हमिद मिया<br>ससुरा:- नेतु मिया | कल्याणपुर | ४ख | ७४ | ०-२-५-० |
| | कल्याणपुर | ४ग | ६६ | ०-१-१४-० |
| | कल्याणपुर | ४ख | ६५ | ०-१-१३-० |
| | कल्याणपुर | ४क | १२० | १-३-३.५-० |
| | कल्याणपुर | ४ग | ६९ | ०-२-६-० |

२.

| जग्गा धनिको नाम | गा.वि.स./न.पा. | वार्ड नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| नाम:- चन्दिका देवी<br>पति:-बिनोद कुमार यादव<br>ससुरा:-जयनारायण यादव | बिसहरिया | ३ख | ८६३ | ०-१-१५-० |

३.

| जग्गा धनिको नाम | गा.वि.स./न.पा. | वार्ड नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| नाम:-बबलु खाँ<br>बुबा :-मो.कमरुद्दीन<br>बाजे :-मो.अविल | राजविराज नगरपालिका | २ | १५८ | ०-०-६.७५-० |

४.

| जग्गा धनिको नाम | गा.वि.स./न.पा. | वार्ड नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| नाम :-नीता कुमारी मेहतर<br>पति:-बालेश्वर कुमार मेहतर<br>ससुरा :-लक्ष्मी मेहतर | बोरिया | ३ | २१०१ | ०-०-१०-० |

प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड
मुख्य कार्यालय राजविराज -४ सप्तरी
टेलिफोन नं. ०३१-५३२५२२/५३१३२८



सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरु यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरु उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरु:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*